**सूचना**

सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।

नेपाल सरकार
सञ्चार सूचना तथा प्रविधि मन्त्रालय
सूचना विभाग

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

**बलात्कार स्वीकार्ने धरौटीमा छुटे, पीडित गाउँमै असुरक्षित**



पृष्ठ ३ मा

वर्ष-१२ ।। अङ्क : १६७ ॥ २०७७ असोज २४ गते शनिबार (10th Oct. 2020,Saturday) | Pratidin National Daily | मूल्य-रु.५/-

## 'स्कूलको जग्गा किनबेच बन्द गर्नुस्'

*यतिबेला बिर्तामोड ६ मा रहेको भद्रपुर माविको जग्गामाथिको अतिक्रमणको विषयले निकै चर्चा पाएको छ । विद्यालयको करिव २० विगाह जग्गामा अतिक्रमण गरी जथाभावी गरेपछि त्यस गैरकानुनी र अराजक कार्यको प्रतिदिन दैनिकले केही दिनदेखि उजागर गर्दै आएको छ । विद्यालयको जग्गामा मोही नभएका , जोतभोग नगरेका व्यक्तिहरुले आफूखुशी घर बनाउने , किनबेच गर्नेलगागतका कार्य गर्दै आएका छन् ।२०६८ सालमा ३४ घर रहेको त्यस जग्गामा त्यसपछि ३०७ घर बसाएकोमा अहिले हजारभन्दा बढी परिवारले जग्गा कब्जा गरी स्थायी संरचना बनाइसकेका छन् । यसै विषयमा सरोकारवाला निकाय भद्रपुर नगरपालिकाका नगर प्रमुख जीवनकुमार श्रेष्ठसँग हामीले कुराकानी गरेका छौं । प्रस्तुत छ उहाँसँग गरिएको कुराकानीको सार–*

**–भद्रपुर नगरपालिकामा रहेको भद्रपुर माविको अधिनमा बिर्तामोड ६ स्थित २० विगाह जग्गामा अतिक्रमण भइरहँदा किन रोक्नु हुन्न ?**

भद्रपुर माविको अतिक्रमित जग्गाको विषयमा एउटा समिति बनाएका छौ. । नगरपालिकाभित्र र अधिनमा रहेका ऐलानी , पर्ती सरकारी जग्गालाई व्यवस्थापन गर्न वडाध्यक्ष विनोद पोखरेलको अध्यक्षतामा समिति गठन भएको





हो । पहिला विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा हाल भद्रपुर ४ का वडाध्यक्ष हंशधर राजवंशी हुनुहुन्थ्यो । वडाध्यक्ष निर्वाचित भएपछि निकै लामो समय उहाँ अध्यक्षमा आफै रहनु भयो । अहिले पुष्पलाल राजवंशी हुनुहुन्छ । अब उहाँले यसलाई कसरी अगाडि बढाउनु हुन्छ । उहाँले बढाउनु भएन भने हामी आफै अघि बढ्छौं । भद्रपुर नगरपालिकाले एक चरणमा मोही लगतकट्टा गर्ने तयारी गरेको थियो । भागबण्डा गर्ने तयारी गरेको थियो । सरकारी जग्गामाथि मोहियानी हक नलाग्ने जानकारी नभएर हो कि जवर्जस्त हिसाबले सरकारी कार्यालय भूमिसुधार

❖बाँकी अन्तिम पृष्ठमा

## स्वास्थ्य सुरक्षा मापदण्ड कार्यान्वयनका लागी तीनवटा ट्रेड युनियनको माग

*बिर्तामोड (प्रस)* । कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि नेपाल सरकारले तोकेको कोभिड -१९ स्वास्थ्य सुरक्षा मापदण्ड कडाईका साथ कार्यान्वयन र अनुगमन गर्नुपर्ने माग राख्दै मजदुरसम्वद्ध तीनवटा ट्रेड युनियनले सरकारको ध्यानाकर्षण गराएका छन् । ट्रेड युनियनका नेताहरुले शुक्रवार जिल्ला प्रशासन कार्यालय र विर्तामोड नगरपालिकामा उक्त माग गर्दै ज्ञापन पत्र बुझाएका हुन् ।

अखिल नेपाल ट्रेड युनियन महासंघ प्रदेश- १ इञ्चार्ज भूपाल सापकोटा, ट्रेड युनियन महासंघ (जिफण्ट) प्रदेश -१ उपाध्यक्ष सन्तकुमार राई, नेपाल ट्रेड युनियन कांग्रेस झापाका अध्यक्ष यज्ञप्रताप अधिकारीले झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमल्सिना र बिर्तामोड नगरपालिकाका मेयर ध्रुवकुमार शिवाकोटीलाई ज्ञापन पत्र बुझाएका हुन् । कोरोना भाइरसको संक्रमणबाट बच्न सरकारले जारी गरेको लकडाउन समाप्त भई सवै क्षेत्र खुलेर मानिसको भीडभाड वढेसँगै कोरोना भाइरसको संक्रमणको दर समेत बढेको र यस्तो अवस्थामा नेपाल सरकारले तोकेको कोभिड -१९ स्वास्थ्य सुरक्षा मापदण्ड न्यूनतम् रुपमा समेत पालना नगरेको पाइएको ज्ञापन पत्रमा उल्लेख छ ।



सरकारले तोकेको कोभिड -१९ स्वास्थ्य सुरक्षा मापदण्ड न्यूनतम् रुपमा समेत पालना नगरेकै कारण कोरोना भाइरसको संक्रमणको जोखिम वढाएको कारण उक्त विषयवारे प्रदेश सरकार, स्थानीय सरकार ,संघीय सरकार र स्थानीय प्रशासनको गम्भीर ध्यानाकर्षण गराएको ज्ञापन पत्रमा उल्लेख छ । कोभिड -१९ संक्रमणको सवैभन्दा जोखिममा श्रमिक वर्ग परेको र लकडाउनको वेला सरकार र सामाजिक संघसंस्थाले उपलव्ध गराएको खाद्यान्नले केही राहत महसुस गरेपनि लकडाउन लम्विएसँगै एक छाकमात्र खाएर परिवारको पेट पाल्दै रोगसंग लड्दै आएका उनीहरु खाद्यान्न सकिएपछि कामको खोजी गरेर रकम आर्जन गर्न उद्योगधन्दा व्यापार - व्यवसाय खुलेसँगै काममा फर्किएको ज्ञापन पत्रमा उल्लेख छ ।

श्रमिकहरु काममा फर्किएसँगै सम्वन्धित उद्योगधन्दा तथा व्यवसायिक प्रतिष्ठानले नेपाल सरकारले तोकेको कोभिड -१९ स्वास्थ्य सुरक्षा मापदण्ड न्यूनतम् रुपमा समेत नअपनाई दिँदा कोरोना भाइरसको संक्रमणको जोखिम वढेको ट्रेड युनियनका नेताहरुको ठहर छ । उक्त विषयमा यसअघि जिल्ला प्रशासन कार्यालयमा संवाद समूहको संयोजनमा भएको झापाका राजनीति दलहरुसहितको सर्वपक्षिय वैठक तथा ट्रेड युनियन महासंघ, चिया श्रमिक सम्वद्ध संघ-संगठनले समेत नेपाल सरकारले तोकेको कोभिड -१९ स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउन सम्वन्धित उद्योग प्रतिष्ठानलाई गरेको आग्रह तथा मापदण्डको कार्यान्वयनका लागि प्रभावकारी अनुगमन गर्नुपर्ने निष्कर्ष निकालेको ट्रेड युनियनका नेताहरुले ज्ञापन पत्रमार्फत स्मरण गराएका छन् ।

कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि नेपाल सरकारले तोकेको कोभिड -१९ स्वास्थ्य सुरक्षा मापदण्डको प्रभावकारी कार्यान्वयन नभएको पाइएकाले श्रमिक र उसको परिवारको स्वास्थ्य संवेदनशिलतालाई मध्यनजर गर्दै नेपाल सरकारले तोकेको कोभिड -१९ स्वास्थ्य सुरक्षा मापदण्ड कार्यान्वयन भए/नभएको अनुगमन गरी सोको कार्यान्वयन गराउनु हुन स्थानीय सरकार र जिल्ला प्रशासन कार्यालयसंग तीनवटा ट्रेड युनियनले माग गरेको छ ।

त्यस्तै, नेपाल सरकारले तोकेको कोभिड -१९ स्वास्थ्य सुरक्षा मापदण्ड उल्लंघन गर्नेलाई कारवाहीको दायरामा ल्याउन समेत स्थानीय सरकार र जिल्ला प्रशासन कार्यालयसंग तीनवटा ट्रेड युनियनले माग गरेको छ । त्यसैगरी श्रमिकहरुको स्वास्थ्य संवेदनशिलतालाई मध्यनजर गर्दै स्वास्थ्य सुरक्षाका लागि श्रमिकहरुलाई मास्क, ग्लोव्स, सेनीटाइजर, सावुनपानिको पर्याप्त व्यवस्थापन गरीदिनुहुन सम्वन्धित सबैमा माग गर्दै स्थानीय सरकार र जिल्ला प्रशासन कार्यालयसंग तीनवटा ट्रेड युनियनले ध्यानाकर्षण गराएको छ । तीनवटा ट्रेड युनियनको ज्ञापन पत्र वुझ्दै झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमल्सिना र बिर्तामोड नगरपालिकाका मेयर ध्रुवकुमार शिवाकोटीले उक्त माग कार्यान्वयन गराउन लागीपर्ने प्रतिवद्धता जनाएका थिए ।

## कांग्रेस नेता रामबाबु प्रसाईको निधन

*बिर्तामोड (प्रस)* । झापाका पुराना कांग्रेस नेता तथा समाजसेवी रामबाबु प्रसाई (खनुपरुदे) को शुक्रबार मध्यान्ह ९९ वर्षको उमेरमा निधन भएको छ । उनी अस्वस्थ भई अस्पताल भर्ना भएका थिए । चावहिलस्थित ओम अस्पतालको आकस्मिक उपचार कक्षमा उनको उपचार भइरहेको



अवस्थामा निधन भएको छोरा टोरुप प्रसाईले जानकारी दिए ।

श्वासप्रश्वाससम्बन्धी समस्या भएपछि उनलाई अस्पताल लगिएको थियो । चिकित्सकले स्वास्थ्य अवस्था चिन्ताजनक नरहेको बताए पनि उनलाई बचाउन नसकेको बताइएको छ ।

उनी कृष्णप्रसाद भट्टराई सभापति हुँदा नेपाली कांग्रेसको केन्द्रीय कोषाध्यक्ष रहेका थिए । वि.सं. १९७८ साल पुषमा जन्मिएका प्रसाई सत्यवादी, दृढ संकल्प र निष्ठापूर्वक जीवन बाँचेका सामाजिक अभियन्ता थिए । उनले सांसद पदको लागि दुई पटक निर्वाचन लडेका थिए । नेपाली साहित्यको कविता विधामा

❖बाँकी अन्तिम पृष्ठमा

## 'रुद्रप्रसाद ओली स्मृति राष्ट्रिय कृषि पुरस्कार' पन्तलाई

*झापा (प्रस)* । रुद्र-गौरी, श्री-अम्बिका ओली प्रतिष्ठान झापाले निजी क्षेत्रमा स्थापना गरेको सर्वाधिक राशीको 'रुद्रप्रसाद ओली स्मृति राष्ट्रिय कृषि पुरस्कार' गोरखाका गाईपालक राजेन्द्रराज पन्तलाई दिने भएको छ । प्रतिष्ठानका अध्यक्ष गङ्गाप्रसाद ओलीले शुक्रबार एक विज्ञप्ति मार्फत पुरस्कार पन्तलाई दिने जनाएका छन् ।

पुरस्कारको राशी एक लाख एक हजार एक सय एघार रुपैयाँ रहेको छ । पालुङटार -७ च्याङ्लीमा पन्तले २०५२ सालदेखि चलाएको कामधेनु गाईपालन केन्द्रमा ३५० वटा गाई पालिएको र दैनिक १३ सय भन्दा बढी लिटर दुध विक्री हुने गरेको छ । उक्त पुरस्कार कोरोना महामारी केही कम भएपछि वितरण गरिने बताइएको छ । भद्रपुर-७ मा प्रतिष्ठानको कार्यालय छ ।

## दमकका अर्का कोरोना संक्रमितको मृत्यु

*दमक (प्रस)* । वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचाररत दमकका एक कोरोना संक्रमित पुरुषको मृत्यु भएको छ । असोज १८ गते भर्ना भएका उनमा कोरोना संक्रमण देखिएको थियो ।

दमक- ९ का ५२ बर्षीय पुरुषको बिहीबार बिहान ३ बजेर २० मिनेटमा मृत्यु भएको हो । मृतक असोज १८ गते प्रतिष्ठानमा भर्ना भएको सहप्रवक्ता डा.आशिष श्रेष्ठले जानकारी दिए । उनलाई १८ गते नै संक्रमण पुष्टि भएको थियो । योसँगै दमकमा कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या तीन र जिल्लामा १२ पुगेको छ ।

GREEN FIELD WORLD SCHOOL
Birtamode-1, Jhapa, Nepal



Admission Open
From
Nursery to Grade IX

Ph. : 023-542208, Email : greenfieldworldschool@gmail.com,
www.greenfieldworldschool.edu.np

आस्था
कस्मेटिक
एण्ड जेनेरल स्टोर



कस्मेटिक आइटम
गिफ्ट आइटम
कुर्ता सुरुवालका कपडा तथा अन्य रेडिमेड कपडा
9806018268 | 9852684268
बिर्तामोड भद्रपुर रोड कालिका चोक
एडभान्स सेकुवा कर्नर नजिकै

आभाष बचत तथा ऋण सहकारी संस्था लि.

विषय : चौँथो वार्षिक साधारण सभा बारे ।

यस आभाष बचत तथा ऋण सहकारी संस्था लि. कमल -५ को २०७७/०६/१० गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम (कोभिड-१९) को महामारीलाई मध्यनजर गर्दै निम्न मिति र स्थानमा तपसिल बमोजिम साधारण सभा सञ्चालन गरिने भएकोले उपस्थितको लागि सादर निमन्त्रणा गर्दछौँ ।

**साधारणसभा कार्यक्रम** :
**मिति** : २०७७/०६/२७,२८ र २९ गते ।
**समय** : बिहान १०:३० बजे देखि ३:३० सम्म ।
**स्थान** : संस्थाको कार्यालय,कमल-५,झापा ।
**फोन** : ०२३-५८३२३४
**नोट** : उपस्थित शेयर सदस्यलाई परिवहन स्वरुप रु ३००।- उपलब्ध गराइने छ । मास्क र सेनिटाईजर अनिवार्य रुपमा प्रयोग गरी उपस्थित भइदिन अनुरोध छ ।

आभाष बचत तथा ऋण सहकारी संस्था लि.
कमल -५ झापा

कोहेड (COHED) कलेजमा
कक्षा ११को भर्ना खुल्यो
विज्ञान: म्याथ/वायलोजी
व्यवस्थापन: कम्प्युटर साइन्स, होटेल मेनेजमेन्ट, विजनेश स्टडिज
मानविकी: रुरल डेभलपमेन्ट, सोसियोलोजी, अंग्रेजी, मास कम्युनिकेशन
एसईईको जिपिएको आधारमा छात्रबृत्तिको व्यवस्था गरिएको छ ।
फर्म वितरण भइरहेको छ ।
कार्यालय खुल्ने समय: विहान ७:०० बजेदेखि दिउसो ४:०० बजेसम्म
असोज २१ गतेदेखि कक्षा ११को अनलाइन कक्षा सञ्चालन हुनेछ ।
सम्पर्क: कोहेड (COHED) कलेज
बिर्तामोड, झापा
फोन नं. ०२३५४२८२४, ९८४२६३४३१९, ९८४२६३४३१२

# प्रभावकारी ढंगले बजार अनुगमन गर्न माग



***बिर्तामोड (प्रस) ।*** उपभोक्ताको हित संरक्षणका लागि तत्काल बजारको प्रभावकारी र पारदर्शी अनुगमन गर्नुपर्नेमा उपभोक्तावादी संस्थाका प्रमुख तथा प्रतिनिधिले जोड दिएका छन् ।

शुक्रवार सम्वाद समूहको संयोजनमा झापाको बिर्तामोडमा उपभोक्तावादी संस्थाबीच भएको छलफलमा उपभोक्तालाई ठगी गर्नेलाई तत्काल कडा कारवाहीको माग पनि गरेका छन् । छलफलको निष्कर्षलाई आधार मान्दै उनीहरुले संयुक्त विज्ञप्ति जारी गरी सरकार समक्ष पाँच बुँदे माग अघि सारेका छन् । उक्त माग तत्काल सम्वोधन हुनु पर्नेमा उनीहरुको जोड छ ।
राष्ट्रिय उपभोक्ता मञ्च झापाका अध्यक्ष मदनगोपाल सुब्बा, उपभोक्ता मञ्च नेपाल, झापाका अध्यक्ष वेदप्रकाश अग्रवाल, कञ्जुमर आई नेपाल, झापाकी अध्यक्ष कोपिला खड्का बस्नेत, विश्व उपभोक्ता महासंघ, झापाकी अध्यक्ष सरस्वती चम्लागाई र उपभोक्ता हित संरक्षण मञ्च नेपाल, बिर्तामोडका अध्यक्ष ओमभक्त सेढाईद्धारा हस्ताक्षरित विज्ञप्तिमा उपभोक्ताको हित रक्षाका लागि तीनै तहका सरकार गम्भीर बन्नु पर्नेमा जोड दिइएको छ ।
उपभोक्ता हित संरक्षण मञ्च नेपाल प्रदेश १ का सदस्य याम विमलीले उपभोक्तावादी संस्था सक्रिय भई साझा रुपमा अघि बढ्नुपर्ने बताए ।
छलफलमा सोही संस्थाका बिर्तामोड सचिव राजु गौतम, सदस्य यशोदा पोखरेल, राष्ट्रिय उपभोक्ता मञ्च झापाका बिमला भट्टराई, शीला उप्रेती, विश्व उपभोक्ता महासंघकी हेमकुमारी विष्ट लगायतले उपभोक्ता अधिकारका पक्षमा विभिन्न धारणा राखेका थिए । छलफलको सहजीकरण अधिवक्ता खगेन्द्र खरेलले गरेका थिए ।

# सरकार र डा. केसीबीच सहमति



***झापा (प्रस) ।*** सरकार र आमरण अनसनरत डा. गोविन्द केसीबीच सहमति भएको छ । शिक्षा सचिव गोपी मैनाली र डा. जीवन क्षेत्री नेतृत्वको वार्ता टोली बिहीबार नै सहमति नजिक पुगिसकेका थिए ।
बिहीबार सहमति हुन नसकेको विषय डा. केसीको ६ बुँदे मागको चौथो बुँदा थियो । शुक्रबार दुबै पक्षले आन्तरिक परामर्श गरेपछि सहमतिलाई अन्तिम रुप दिइएको हो । विश्वविद्यालय, आईओएम, काउन्सिल र प्रतिष्ठानमा पदाधिकारी नियुक्तिसम्बन्धी मापदण्ड ऐनमै राख्ने र ऐन संशोधन नहुँदासम्म वरिष्ठता र कार्यक्षमताका आधारमा नियुक्ति गर्ने सहमति भएको छ ।

# शुक्रबार जिल्लाभर २९ जनामा कोरोना

***भद्रपुर (प्रस) ।*** चिकित्सक, उद्योगी र ट्राफिक प्रहरीलगायत गरी भद्रपुरमा एकैदिन १६ जनालाई कोरोना संक्रमण पुष्टि भएको छ । संक्रमित हुनेहरुमा १५ पुरुष र १ महिला रहेका छन् ।
त्यसमा मेची अस्पतालका ३ जना चिकित्सकलाई पनि कोरोना देखिएको छ । त्यस्तै, झापा उद्योग संघका अध्यक्ष टिकाराज ढकाललाई समेत कोरोना पुष्टि भएको छ । भद्रपुर क्षेत्रमा कार्यरत ४ जना ट्राफिक प्रहरीलाई कोरोना देखिएको छ । संक्रमितहरु वडा नम्बर -७ का २ , ५ का १, १० का २, ६ का ३, ८ का २ रहेका छन् भने दुई जनाको वडा खुलेको छैन । शुक्रबार मेची प्रादेशिक अस्पताल भद्रपुरको प्रयोगशालामा २८ जनामा संक्रमण पुष्टि भएको छ । त्यस मध्ये २ जना जिल्ला बाहिरका भएको फोकल पर्सन जितेन्द्रकुमार झाले बताए ।

त्यस्तै, शुक्रबार बिर्तामोडका ६ जनालाई कोरोना पुष्टि भएको छ । कोरोना हुनेहरुमा ४ जना जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोडमा कार्यरत ट्राफिक प्रहरी रहेका छन् भने २ जना बैंकका कर्मचारी रहेका छन् । मेचीनगरमा ५ जनालाई कोरोना पुष्टि भएको छ । कोरोना पुष्टि हुनेहरुमा ३ महिला र दुई पुरुष रहेका छन् । अर्जुनधारा ६ र ११ नम्बर वडाका एक-एक जना पुरुषमा कोरोना देखिएको छ । यता गौरादह नगरपालिकाका ३४ बर्षिय पुरुषलाई कोरोना देखिएको छ भने कमल र गौरीगञ्ज गाउँपालिकाका एक-एक पुरुषमा कोरोना पुष्टि भएको छ ।

# मोरङ कारागारका एक बन्दीको कोभिडबाट मृत्यु

***झापा (प्रस) ।*** मोरङ कारागारका एक बन्दीको कोरोना भाइरसको संक्रमणका कारण मृत्यु भएको छ । विराटनगरस्थित कारागारमा रहेका उनको शुक्रबार बिहान कोशी अस्पतालमा मृत्यु भएको हो ।
कोशी अस्पताल विराटनगरको आइसोलेसन प्रमुख डा. लक्ष्मीनारायण यादवका अनुसार बिहीबार बिहान भर्ना गरिएका युवकमा सोही दिन कोरोना पुष्टि भएको थियो । उनको आइसोलेसनमा उपचार भइहरेकोमा मृत्यु भएको उनको भनाइ छ । युवकलाई आइसियुमा राखेर उपचार गर्नुपर्नेमा कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्र विराटनगरमा आईसीयू बेड खाली नभएका कारण उनलाई कोशीकै आइसोलेसनमा राखिएको थियो ।
लागूऔषध मुद्दामा पुर्पक्षका लागि गत माघदेखि उनी थुनामा रहेका थिए । गत असोज १५ गते पनि कारागारमै रहेका २७ वर्षीय पुरुषको कोरोनाबाट मृत्यु भएको थियो । ९ सय १८ जना कैदीबन्दी रहेको कारागारमा ५ जनालाई कोरोना पोजेटिभ देखिएपछि कारागारभित्र आइसोलेसन सञ्चालन गरिएको

# भद्रपुर आँखा उपचार केन्द्रमा शल्यक्रिया सेवा

***भद्रपुर (प्रस) ।*** भद्रपुर आँखा उपचार केन्द्रमा आँखाको शल्यक्रिया शुरु गरिने भएको छ । विश्व दृष्टि दिवसको अवसरमा बिहीवार भद्रपुरमा आयोजित कार्यक्रममा प्रत्येक आइतवार हप्ताको एक दिन मोतिया विन्दुको शल्यक्रिया गर्ने जानकारी गराइएको हो ।




मेची आँखा अस्पताल संघ बिर्तामोड शाखाको रुपमा संचालित भद्रपुर आँखा उपचार केन्द्रमा शल्यक्रिया गर्दा लाग्ने खर्चको ५० प्रतिशत आँखा उपचार केन्द्रका दाता सत्यनारायण सरियाले व्यहोर्ने जनाइएको छ ।
विश्व दृष्टि दिवसका अवसरमा प्रदेश सांसद ओमप्रकाश सरावगी, भद्रपुर नगरपालिकाका नगर प्रमुख जीवनकुमार श्रेष्ठ, मेची आँखा अस्पतालका अध्यक्ष छत्रप्रसाद अधिकारी, भद्रपुर आँखा उपचार केन्द्रका अध्यक्ष चण्डीप्रसाद पराजुली र दाता परिवारका गोविन्दराम सरियाको उपस्थितिमा भएको कार्यक्रममा आँखाको शल्यक्रिया शुभारम्भ गर्ने घोषणा गरिएको हो । भद्रपुरमा रहेको आँखा उपचार केन्द्रका लागि भद्रपुर निवासी स्व.जयनारायण सरियाको स्मृतिमा उनका भाइ सत्यनारायण सरियाले १ विगाह जग्गा दान दिएका छन् ।
सोही जग्गामा बनेको आँखा उपचार केन्द्रमा आँखाको परीक्षण गरी आएकाहरुलाई हप्तामा एक दिन शल्यक्रिया गरिने अध्यक्ष पराजुलीले जानकारी दिए । भद्रपुर आँखा उपचार केन्द्रमा अपरेशन कक्षका लागि थप ५५ लाख रुपैयाँको लागतमा भवन निर्माण भएको र अपरेशनका लागि ५५ लाखकै लागतमा मेसिन खरिद गर्न पनि दाता सरीया परिवारले नै सहयोग गरेको उपचार केन्द्र समितिका सचिव प्रदिपमणि रेग्मीले जानकारी दिए ।

# अनुगमनमा चेम्बर व्यवसायी सहभागी गराउन आग्रह

***बिर्तामोड (प्रस) ।*** चेम्बर अफ कमर्स झापाले बजार अनुगमन गर्दा चेम्बरलगायत व्यवसायी प्रतिनिधिलाई पनि सहभागी गराउन आग्रह गरेको छ । शुक्रबार चेम्बर अफ कमर्स झापा विज्ञप्ति निकाल्दैं अनुगमनले कतिपय व्यवसायी गलत कारवाहीमा परेको उल्लेख गरेको छ ।
'अत्याधिक भन्सार दरका कारण आयातकर्ताले न्यून मूल्याङ्कन गरी सामान आयात गर्दा र बिक्रेतासँग असुलिएको मूल्यभन्दा ५० देखि १ सय प्रतिशतसम्म कम मूल्यको बिल ग्राहकका लागि बिक्री गर्दा वास्तविक मूल्यभन्दा घटीको भ्याट बिल काट्नु पर्ने बाध्यता रहेकाले अनुगमनमा साना व्यवसायी कारवाहीको भागिदार हुनुपरेको गुनासो चेम्बर अफ कमर्समा आएको छ' विज्ञप्तिमा उल्लेख छ । लामो समय देखिको लकडाउनका कारण स्टकमा रहेको उपभोग्य सामग्रीको म्याद समाप्त भएको हुनसक्ने भएकाले सबै व्यवसायीलाई आफ्नो स्टकको अनुगमन गर्नसमेत आग्रह गरेको चेम्बर अफ कमर्स झापाका अध्यक्ष ओमप्रकाश विमलीले बताए ।

## 'स्कूलको ......

तथा मालपोत कार्यालयले त्यस्तो खालको गलत काम गर्न खोजेको अनुभूति हुन्छ । त्यसको अनौपचारिक रुपमा मलाई जानकारी आयो । आफैले खोजेर मैले थाहा पाएँ । थाहा पाएपछि त्यसलाई तुरुन्तै नगरपालिकाको बैठक बसेर विद्यालय व्यवस्थापन समितिको अनुहार नहेरी हामी आफै लाग्यौं । आफैले भूमिसुधार कार्यालयमा गएर त्यो जग्गा के कसो हो भनेर कसरी नामसारी हुन्छ सरकारी जग्गा भन्दै प्रतिवाद गर्दै त्यसलाई पास गर्न रोक्का गर्यौं । त्यो जग्गा पास हुनु नपर्ने हो । यो नगरपालिकाको सम्पति हो । यसमा मोहियानी हक कसरी दिलाउन खोजियो नगरपालिकालाई जानकारी नदिई भनेर सोधीखोजी गरियो । अनि बिर्तामोड ६ का वडाध्यक्षले एउटा नगरपालिकाको जनप्रतिनिधिले अर्को नगरपालिकामा रहेको जग्गाजमिनको सिफारिस गरिरहँदा कमसेकम यो विद्यालयको जग्गा हो के हो भनेर एकपल्ट जाँचबुझ गरेर मात्र सिफारिस गरिदिनु पर्ने थियो । जोतभोग थियो भन्ने बित्तिकै हकभोग लाग्ने पनि होइन नि त । स्कूलको सरकारी जग्गामा त्यसरी नगर्नु पर्ने थियो । भद्रपुर स्कुलको जग्गा बिर्तामोडमा छ भने भद्रपुर नगरपालिकालाई कन्सर्न गरेर गर्दा राम्रो हुन्थ्यो । समस्या सिर्जना हुँदै गयो अहिले । त्यस जग्गाको सबै फाइलहरु नगरपालिकाको शिक्षा शाखामा सार्न लगाइएको छ । विद्यालयबाट त्यस जग्गाको सबै फाइलहरु शिक्षा शाखामा मगाइएको छ । उद्धव बिष्ट शिक्षा शाखामा हुँदाखेरि नै ती फाइल झिकाइएका हुन् । भूमिसुधार कार्यालयमा जग्गा रोकिसकेपछि जग्गाको कागजपत्र सबै शिक्षा शाखामा ल्याउनु होस् , हेर्नुहोस् भनेर उद्धवजीलाई जिम्मा लगाइएको थियो । अब अहिले शिक्षा शाखामा प्रेम भुजेल आउनु भएको छ । उहाँलाई पनि यो जानकारी छ । एकचोटी बैठक पनि बसेका थियौं त्यही अतिक्रमित जग्गाको विषयमा । अब यस विषयमा तत्कालै अर्को निर्णय भएको छैन होला । बिर्तामोड नगरपालिकामा डेलिगेसन गएर भद्रपुर नगरपालिकाको बिर्तामोड ६ मा यति जग्गा छ , त्यो जग्गा अतिक्रमण गरेर तपाईको नगरवासीहरुले कब्जा गरेका छन् । त्यसमा चाहिँ हामीलाई सहयोग चाहियो भनेर भनिरहँदा अख्तियार अनुसन्धान दुरुपयोग आयोगमा केही सचेत नागरिकहरुले मुद्धा हालेका छन् । यसरी जग्गा दुरुपयोग भइरहेको छ भन्दै सम्बन्धित सरोकारवालाहरुले अख्तियारको इटहरीस्थित कार्यालयमा उजुरी दिएका रहेछन् । अख्तियारले चासो राख्दै के कसो भएको हो भनेर विद्यालयलाई पत्र पठाएको थियो । त्यसको प्रतिलिपि भद्रपुर नगरपालिकालाई पनि दिनु पर्थ्यो । सरोकारवाला मुख्य पक्ष त भद्रपुर नगरपालिका हो नि । विद्यालयका प्रधानाध्यापक , संचालक समितिका पदाधिकारी , जनप्रतिनिधिलगायत हामी सबै बिर्तामोड नगरपालिका गएका थियौ. । बिर्तामोड नगरपालिकाबाट परामर्श लिएर अब कसरी जाने भनेर ठोस निर्णय गरेर अगाडि बढ्ने तयारी हुँदैछ ।

**– २०६८ सालमा विद्यालयले लगत निकाल्दा त्यतिवेला ३४ परिवार थिए । हंश राजवंशी अध्यक्ष भएका बेला उहाँले खाली गराउनुको सट्टा अरु थपेर ३०७ पुर्याउनु भयो । अहिले १३०० जति पुगेको छ ।समस्या त तपाईहरु आफैले जन्माउनु भएको हो नि ?**

हो त्यो मिस्टेक हो । त्यतिखेरको समितिबाट गल्ती भएकै हो । उहाँहरुले त्यो काम कसरी गर्नुभयो किन गर्नु भयो त्यतिखेर गरेर गइहाल्नु भयो । समितिले निर्णय गरेको छ , समितिले निर्णय गर्दैमा कानुनी वा गैरकानुनी काम के हो गर्न मिल्छ कि मिल्दैन त्यो छानविन हुन्छ । अब त्यो छलफलकै विषय बनेको छ ।

**–समस्या बढ्दै गएको छ । तत्कालै व्यवस्थापन नगर्ने हो भने झन् जटिल बन्ने भयो नि ?**

मानिसहरुले किनबेच गर्दैछन् । हामीले अब सूचना जारी गर्छौं । यो विद्यालयको सरकारी जग्गा हो । यसलाई किनबेच नगर्न भनेर सूचना जारी गर्नु पर्ने आबश्यकता देखियो । अनि बिर्तामोड नगरपालिकालाई पनि त्यही हिसाबले पत्र पठाउनु पर्ने भयो ।

**– स्थानीय सरकारदेखि विचौलियाहरुले त्यो जग्गा बस्नेहरुलाई नै दिलाउन खोजिरहेका छन् । हटाउन उहाँहरुलाई वल पुग्छ त ?**

धेरै लामो समयदेखि बल्झिएको यो मुद्धा हो । को को माफियाहरुले पंचायतकालदेखि लिएर हालसम्म विद्यालय व्यवस्थापन समिति, अनारमनी जग्गा भएको ठाउँका राजनीतिक दलका प्रतिनिधिहरु, व्यक्ति व्यक्तित्व को-को मानिसहरु प्रत्यक्ष अप्रत्यक्ष संलग्न हुनु भयो । विचौलियाहरुको भूमिका क-कसले कसरी कुन ठाउँमा खेल्नु भयो । विद्यालय व्यवस्थापन समितिमा कुत बुझ्ने को को हो , तत्कालीन सिडिओ कार्यालयमा सानो शम्सेर गिरीलाई बोलाएर अब तपाईले यो सरकारी जग्गाबाट हट्नु पर्छ , मोहियानी हक पाउने होइन , अब जोतभोग गर्न पाइदैन भनेर कागज गराएको थियो । त्यो कागज हामी खोज्दैछौ. । मुख्य कुरा विद्यालयको सरकारी जग्गालाई अतिक्रमण गरी मोहियानी हक खोज्ने कुरा नेपालको प्रचलित ऐनले दिदैन । जग्गा प्राप्त गर्न सकिदैन । अब त्यसलाई कसरी व्यवस्थापन गर्ने हो भन्ने बारेमा आमराजनीतिक दलहरुसमेतको एकीकृत धारणा बनाएर हामी अगाडि जान उचित छ । विगत वर्षका कमीकमजोरीहरु, विभिन्न विचौलिया निर्माण हुने , विभिन्न ब्यक्तिहरु ठगीमा पर्ने आमरुपमा त्यो जग्गामा दिनप्रतिदिन घरहरु निर्माण गर्दै जाने ,संरचनाहरु बनाउने यी यस्ता कामहरु भइरहेका छन् अब हामी यसलाई रोक्छौं ।

## कांग्रेस नेता...

समेत कलम चलाएका प्रसाई प्राकृतिक चिकित्सा विज्ञान विषयमा समेत विज्ञ थिए । कानुनका समेत विद्यार्थी रहेका प्रसाईले बिर्तामोडलाई शहरको रुपमा विकास गर्न महत्वपूर्ण योगदान दिएका थिए ।
बिर्तामोडकै मुख्य दानवीरको रुपमा रहेका प्रसाईले देवी प्रावि (हालको देवी मावि)लाई १ विगाह ३ कठ्ठा जग्गा दान दिएका थिए । त्यस्तै देवी हाट ( हालको बुधबारे बजार) लाई पनि १ विगाह ३ कठ्ठा जग्गा दान दिएका थिए । त्यस्तै कृषि थोक बजारको ४ विगाह ३ कठ्ठा जग्गा प्रसाईबाट सरकारले अधिग्रहण गरेको थियो ।त्यस्तै उनले विपी पुस्तकालयलाई पनि ३ कठ्ठा निशुल्क प्रदान गरेको जनाइएको छ । उनले बिर्तामोडको खानेपानी कार्यालयका लागि पनि सहयोग गरेका थिए । प्रसाई पछिल्लो समय काठमाण्डौंमा बस्दै आएका थिए । प्रसाईकी श्रीमती, छोराहरु टोरुप, डुजुप र गिसुप छन् । उनका दुई छोरी पनिखम र खेचिम रहेका छन् ।

पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

औषधीको प्रयोग नगरी उपचार
बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुन: यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००

हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

सफलतापूर्वक उपचार हुने समस्याहरू
ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको



सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# स्कुलको जग्गा जोगाउने कसले ?

धन हेर्दा महादेवको तीन नेत्र भनेझैं यतिबेला भद्रपुर माविको जग्गा बेचिखानेहरुको उखरमाइलो छ । बिर्तामोड नगरपालिका वडा नं ६ मा रहेको २० विगाह ५ कठ्ठा १० धुर जग्गा भद्रपुर हाइस्कुलको नाममा छ । धनीपूर्जा भद्रपुर माविको नाममा भएपनि त्यस सरकारी जग्गामाथि भोगाधिकार अरुकै छ । एक ब्यक्तिबाट अर्कोलाई जग्गा किनबेच भइरहेको छ । नम्बरी जग्गा सरह अनाधिकृत रुपमा कब्जा गरेर मनपरीतन्त्र चलाएर बसेकाहरुले बर्षौदेखि स्कूललाई ठेक्कासमेत बुझाएका छैनन् ।

पूर्वपश्चिम राजमार्गदेखि एक किलोमिटर दक्षिण र बिर्तामोड नगरपालिका कार्यालयदेखि एक किलोमिटर उत्तरपूर्व स्यालडाँगीमा भद्रपुर हाइस्कुलको नाममा सो जग्गा छ । स्यालडाँगी चौकदेखि दक्षिण विभिन्न पसलसहितको घना वस्ती स्कुलकै जग्गामा अबस्थित छ। घरसँगै पसल , मस्जिदजस्ता स्थायी संरचना बनाएर सरकारी जग्गा कब्जा गरिसकेका छन् । गैरकानुनी र अनाधिकृत रुपमा विद्यालयको जग्गा मिलेमतोमा अतिक्रमण गरी बस्ती बसालिएको हो । जग्गाधनी भद्रपुर मावि आफ्नो जग्गा खाली गराउनुभन्दा आर्थिक लोभमा अझ वस्ती बसाल्न उद्यत भएको पाइएको छ । सम्बन्धित भद्रपुर र बिर्तामोड नगरपालिकाले पनि सरकारी सम्पतिमाथिको हस्तक्षेपबारे अनदेखी गरिरहेका छन् ।

धुरको लाखौं पर्ने त्यस जग्गालाई पटकपटक खरिद बिक्री गर्ने गरिएको छ । जसले जे गरेपनि हुन्छ भनेर त्यस जग्गाको किनबेचमा ठूलै भूमाफिया र विचौलियाको गिरोह संलग्न रहेको देखिएको छ । भद्रपुर माविको व्यवस्थापन समितिले आर्थिक चलखेलमा परेर जग्गाको बारेमा खोजी गर्न छोडेको छ । त्यस्तै स्कुलको जग्गा बेचिखानका लागि जनप्रतिनिधिहरुको पनि संलग्नता देखिएको छ । त्यस जग्गालाई १४ जना मोहीले ठेक्कामा कमाएका थिए । विद्यालयले २०५२ सालमा लगत निकाल्दा त्यस जग्गामा ३४ परिवार बसेका थिए । २०६५ सालमा बढेर ३०५ पुग्यो । अहिले त्यस जग्गामा करिव १३ सयवटा घर टहरा निर्माण भएका छन् । त्यस जग्गामा विचौलियाहरुको चलखेल तीब्र बनेको छ । आफैले ग्राहक खोज्ने आफै बेच्ने र रकम पनि आफै राख्नेगरी अबैध चलखेल त्यहाँ जारी छ । यसरी नै विचौलियाको चलखेल बढ्दै जाने र सम्बन्धित विद्यालयले बेवास्ता गर्दै जाने हो भने त्यो सरकारी जग्गा एकदिन पक्कै गुम्नेछ । त्यसतर्फ भदुपुर नगरपालिका , बिर्तामोड नगरपालिका , जिल्ला प्रशासन कार्यालयका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ध्यान जान जरुरी छ ।

# दसैं र आपूर्ति व्यवस्थापन



❖ अच्युतप्रसाद पौडेल "चिन्तन"

यस वर्षको दसैं नितान्त भिन्न छ । कोभिड-१९ को प्रभाव, केही हदसम्म खुलेको सार्वजनिक यातायातलगत्तै बाढीपहिरोको थप समस्या, दर्जनौं विपत्ति र हताहतका बीच दुःखका घडीमा नेपालीहरूको घरदैलोमा दसैं नीरस ढंगले आइरहेको छ ।

नाना, खाना र छानाका लागि देश परनिर्भर छ । सरकारी निकाय पशु सेवा विभागले देशमा वार्षिक १ करोड २० लाख खसीबोका उत्पादन हुने बताउँछ र पनि विगत वर्षहरूमा वार्षिक ५ लाख खसीबोका विदेशबाटै आयात हुने गरेको र दसैंलक्षित गर्दै ५० हजारभन्दा बढी आयात हुने गरेको छ । विगत आव २०७५/७६ मा यो आयात संख्या केही घटी भई २ लाख ३६ हजार भएको देखिन्छ । साथै सरकारले पहिले लाग्ने गरेको भन्सारदर ५ प्रतिशतबाट बढाएर हाल १० प्रतिशत गरेको छ । दसैंलाई राजधानीमा ५० हजार खसीबोका र १० हजार भेडाच्याङ्ग्रा भारत एवं चीनबाट ल्याउने गरिए पनि सरकारी संस्थान खाद्य व्यापार कम्पनीले गत वर्षझैं यस वर्ष पनि ३ हजार खसीबोका ल्याउने प्रयास गर्न लागेको देखिन्छ ।

देशका आमनागरिकहरूमा दैनिक जीवनयापन गर्दा वस्तु र सेवाको आपूर्ति आवश्यक छ । यस्तो आपूर्ति न केवल खाद्यान्न बरु स्वास्थ्य उपचारलगायत निर्माण सामग्री, औषधीमूलोको व्यवस्था, पेट्रोलियम पदार्थ सहज र सुलभ मूल्यमा उपभोक्ताले पाउने व्यवस्था गर्नु राज्यको दायित्व हो । न्यूनतम जीविकोपार्जनका लागि आवश्यक नाना, खाना र छाना सबैका लागि आवश्यक विषय हो । आज वस्तु र सेवाको बजार प्रतिस्पर्धी छ । त्यति मात्रै होइन, बजार विज्ञापनमुखी छ र त स्वस्थ बजार संयन्त्रको अभाव छ । सामाजिक न्यायअन्तर्गत निमुखा जनजीवनलाई पनि राज्यले आफ्नो दायराभित्र राख्नु जरुरी छ । आदर्श र लोककल्याणकारी राज्यको कर्तव्य नै हो यो । समाजमा आर्थिक रूपले कमजोर र विपन्न वर्ग पनि हुन्छन् । दुर्गम दूरदराजमा आफ्नै समस्या हुन्छन् । उपभोक्ताको हकहितको संरक्षण अर्को पाटो त छँदैछ । उपभोग्य वस्तुमा सहज पहुँचको वातावरण तय गरिनु जरुरी छ । आपूर्ति



व्यवस्थापनमा सहजता ल्याउन भौगोलिक विषम परिवेश, कठिन वातावरण हाम्रो विवशता हो, तर सुगम क्षेत्रमा पनि वस्तु र सेवाको सहज नहुनु अर्को चुनौतीको विषय हो ।

केही नपाए नुन, चिनी, पानीमै गुजारा गर्नुपर्ने हाम्रो बाध्यतामा नुन आपूर्तिको एकाधिकार पाएको साल्ट ट्रेडिङ कर्पोरेसनको आफ्नै इतिहास छ । विगत २०२० साल भाद्र २७ गते सहज र सुपथ आपूर्ति हेतु स्थापित यस कर्पोरेसनले सुरुमा नुन आपूर्तिको मात्र जिम्मा पाएको हो । साबिकमा गलगाँड निवारण हेतु विश्वसनीय ढंगले नुन आयात गरी सुगम-दुर्गम सबैतिर आपूर्ति व्यवस्थापन गर्ने गरी स्थापित साल्ट ट्रेडिङले ५८ वर्षको अनुभव सँगालिसकेको छ । ऊसँग अहिले धेरै विषयको अनुभव छ । दाल, चिनी, मैदा, पीठो, गेडागुडी, ग्यास, चामल, खाने तेलदेखि अनुदानको रासायनिक मलसमेत बिक्री-वितरण गर्ने गरेको यो संस्थाको चुक्ता पुँजी अहिले १५ करोड ५० लाख नाघिसकेको छ । सर्वसाधाणको २१ प्रतिशत सेयर रहेको यो संस्थाको बाँकी सेयर सरकारको छ र हाल ऊ वार्षिक रु. १० अर्बबराबरको कारोबारमा रहेको छ । देशका धेरै भागमा यसको आफ्नै जग्गा, भवनहरू छन् र सरकारी संस्थामध्ये नगन्हाएको संस्थामा पर्छ यो ।

देशको औद्योगिक विकास, वित्तीयक्षेत्रको विस्तारमा पनि यसको अहं भूमिका थियो विगतमा । गोरखकाली टायर उद्योग, नेपाल वनस्पति उद्योग, नेसनल फाइनान्स, सगरमाथा इन्स्योरेन्सजस्ता क्षेत्रमा दक्खलका साथ उभिएको यो संस्था कागज कारोबारमा समेत उभिएको हो । जबजब देशमा रासायनिक मलको हाहाकार हुन्छ वा खाना पकाउने ग्यासको अभाव हुन्छ उपभोक्ताहरू यसलाई सम्झन्छन् र कोरोनाको संकटमा बन्दाबन्दी हुँदा पनि यसले ग्यास आपूर्ति हेतु काठमाडौंको सतुङ्गल, कोटेश्वर, कलंकी, भक्तपुरलगायत विभिन्न स्थानमा यसले ग्यास वितरण गरेको, मोबाइल भ्यानबाट पनि सक्दो आपूर्ति गरी सर्वसाधारणलाई काठमाडौं उपत्यकालगायत देशका विभिन्न स्थानमा राहतको अनुभूति दिलाएको हो ।

चाडपर्वहरूमा चिनीको बढी खपत हुने गर्छ । देशमा वार्षिक २ लाख २० हजार टन चिनीको आवश्यकता छ । हामीकहाँ ११ वटा सुगर मिल छन् । यी सबैको उत्पादन क्षमता जोड्ने हो भने वार्षिक ४ लाख ५० हजार टन चिनी उत्पादन हुन सक्छ । तर यहीँ चिनीको हाहाकार, अधिक मूल्यवृद्धि भई नै रहने गरेको छ । गत आवमा यहाँ चिनीको उत्पादन १ लाख ८० हजार टन भएको देखिन्छ । खुल्ला सिमानाका कारण अन्य वस्तुझैं चिनी पनि लुकीछिपी आयात हुने गरेको छ । हाल निजी क्षेत्रका व्यापारीहरूले अस्वाभाविक रूपमा चिनीको आयात गरेको बजार हल्ला छ । कम मूल्यमा साल्ट ट्रेडिङ कर्पोरेसनले चिनी वितरणमा पनि ठूलो भूमिका निर्वाह गरेको छ । चाडपर्व दसैं, तिहार, छठ लक्षित गर्दै सरकारले ५० प्रतिशत भन्सार छुटमा २० हजार टन चिनी आयात गर्न यसपालि स्वीकृति दिएको भनिरहेको छ । यता अर्को सरकारी संस्था खाद्य व्यवस्था तथा व्यापार कम्पनीले भने चिनी आयातको टेन्डरमा ढिलाइ भएको बताउँदै गर्दा कोभिड-१९ र अन्य बहानामा गत श्रावणदेखि नै बजारमा चिनीको कालोबजारी, अभाव र मूल्यवृद्धि भइरहेको आमउपभोक्ताको गुनासो छ ।

सरकारले यस वर्षको बजेटमा पनि सदाझैं उही कुरा दोहोऱ्याएको छ । आपूर्ति प्रणालीलाई सहज बनाउने, खाद्यान्नलगायत अत्यावश्यक वस्तुको पर्याप्त मौज्दात राख्ने, स्वास्थ्य सजगता अपनाई बिक्री-वितरण गर्ने, होम डेलिभरी सेवालाई प्रोत्साहन गर्ने, बजार अनुगमनलाई तीव्र बनाउने, अनुचित मूल्य वृद्धि हुन नदिने, कृत्रिम अभाव र कालोबजारीलाई अन्त्य गर्ने, उपभोक्ता हित संरक्षण गर्ने जस्ता कर्मकाण्डी शब्दावलीहरूमा कमी छैन सरकारी अठोटमा । तर न कालोबजारीको अन्त्य भएको छ, न उपभोक्ताको हित संरक्षण नै ।

खाद्य संस्थान र नेसनल ट्रेडिङ गाभिएर खाद्य व्यवस्था तथा व्यापार कम्पनी भए पनि स्वरूप परिवर्तन हुँदैमा काम राम्रो हुन्छ भन्ने होइन, यी दुवै संस्था लगभग धराशायी नै भएका हुन् ।

दैनिक उपभोग्य वस्तु र सेवाको सहज आपूर्तिका लागि देशको आपूर्ति नीति परिमार्जन हुनुपर्छ । उपभोक्ता जागरण र सशक्तीकरण कार्यक्रमलाई प्रभावकारी सञ्चालन गर्नुपर्छ । मूल्य र बजारका विषयमा सूचना प्रणाली भरपर्दो हुनुपर्छ । बजारीकरण, तिनको पहुँच, ढुवानी व्यवस्था, सडक सञ्जालको भरपर्दो व्यवस्था, यातायात आवागमनको सुनिश्चितता धेरै विषय छन् । आपूर्ति सहजीकरण गर्ने सम्बन्धमा उपभोक्ता जागरणका लागि सन्देशमूलक सूचना सम्प्रेषण जरुरी छ । पेट्रोलियम पदार्थ एवं एलपी ग्यासजस्ता प्रज्वलनशील पदार्थको सुरक्षित प्रयोगका विषयमा आमउपभोक्ताहरू सजग हुनु जरुरी छ । सुपथ मूल्य पसल देखावटी र नाम मात्रका भइरहेको सन्दर्भमा आम उपभोक्ताको पहुँचमा हुने गरी तिनको व्यवस्था गर्नुपर्छ । विशेष चाडबाडको समय लक्षित गर्दै अन्धाधुन्ध हुने मिसावट, अखाद्य वस्तुको परीक्षणमा कन्जुस्याइँ गर्नु हुन्न । मौसमअनुसारका वस्तु, भण्डारण, सञ्चय, शीतभण्डारको व्यवस्था, सवारी साधनमै शीत भण्डारको प्रबन्ध, पशु वधशालाहरूको उचित प्रबन्ध, सफासुग्घरको अवस्था, रोग कीरा नियन्त्रणको व्यवस्था, कीटनाशक औषधिबारे आमजनचेतनास यी यस्ता धेरै विषय छन्, जसले आमउपभोक्ता सचेत रही आपूर्ति व्यवस्थापन सक्षम भएको विश्वास गर्न सकून । तर, काग कराउँदै गर्छ पिना सुक्दै जान्छ, हाम्रो सधैंको नियति यही हो ।

# आर्थिक समृद्धिका लागि रेसम खेती

❖ के.बी. बस्नेत

कुनै पनि देशको आर्थिक समृद्धिका लागि खेतीपातीले महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ । तर यसका लागि विभिन्न किसिमका खेती गर्न आवश्यक छ । यस सन्दर्भमा रेसम खेतीले पनि यहाँको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्न सक्छ । नेपालमा रेसम खेतीका लागि उपयुक्त हावापानी एवं भूभाग छ । उक्त खेतीका लागि यहाँको तराई क्षेत्रमा १००-७५० मिटर र पहाडमा ७५०-१,५०० मिटर उचाइमा अवस्थित भूभाग उपयुक्त मानिन्छ । नेपालमा वि.सं. २०३२ मा काभ्रेपलान्चोकको पनौती नगरपालिका १० मा रेसम विकास केन्द्र स्थापना गरिएको थियो, जुन यहाँ स्थापित ९ वटा फार्मको केन्द्र हो । सुरुमा उक्त केन्द्र कोइका (कोरियाली संस्था) र जाइका (जापानी संस्था) को सदुपयोगमा वि.सं. २०४६/४७ सालमा सञ्चालन गरियो । यी विदेशी संस्थाहरूले सहयोग गर्न छाडेपछि सो केन्द्र नेपाल सरकारद्वारा सञ्चालन भइरहेको छ । हाल विद्यमान देशको संघीय संरचनाअन्तर्गत यो केन्द्र राष्ट्रिय फार्मका रूपमा रहेको छ ।

सुरुमा सो केन्द्रको काम कोकन अर्थात् रेसम कीराले किम्बु खाएर बनेको डल्लो खरिद गर्ने र अरू विभिन्न फार्मको कोकन पनि त्यहीँ जम्मा गरिने भएकाले रेसमको धागो पनि बिक्री गरिने व्यवस्था थियो, तर पछि रेसम खेती गर्ने किसानहरूले आफैँ रेसमको धागो कात्न थालेपछि यस केन्द्रले रेसमको धागो कात्न बन्द गरेको छ । धागो कात्ने काम बन्द गरिएपछि धागो प्रशोधन एकाइ पनि बन्द गरिएको छ ।

हाल यस केन्द्रमा चार हजार किसानलाई लक्षित गरेर कार्यक्रम सञ्चालन हुँदै आएको छ । आयात गरिएका ३५ जातका रेसम कीराहरूको संरक्षण गर्ने काम पनि निरन्तर रूपमा भइरहेको छ ।

तापक्रमअनुकूल सहन सक्ने र खेती गर्न सुहाउँदो स्थानमा उपयुक्त जातको रेसम कीरालाई क्रसिङ गरेर फूल उत्पादन गर्ने र वितरण गर्ने कामसमेत उपर्युक्त केन्द्रले गर्दै आएको छ । प्रत्येक वर्ष किसानहरूको आय र आपूर्तिका आधारमा कार्ययोजना बनाई बजेट तर्जुमा गरिन्छ । तर, तर्जुमा गरिएको बजेटअनुसार काम भने हुन सकेको छैन । मागका आधारमा हाल रेसमका कीराका १० हजार बाकस अन्डा उत्पादन गर्ने लक्ष्य छस जसमध्ये ३ हजार फार्महरूले लानेछन् भने बाँकी ७ हजार किसानहरूलाई वितरण गर्ने योजना छ ।

झन्डै १ सय २६ रोपनी जग्गा रहेको यस केन्द्रमा करिब १ सय रोपनी जग्गामा किम्बुका बोटहरू छन् । प्रत्येक वर्ष यी बोटहरूको काँटछाँट गर्ने, मलखाद हाल्ने, पानी हाल्ने र गोडमेल गर्ने काम नियमित रूपमा गरिन्छ । तर, यी कामहरू गर्न आवश्यक मात्रामा जनशक्तिको अभाव छ । उक्त केन्द्रले रेसम कीराहरू पाल्ने व्यक्तिका लागि तालिम पनि दिने गरेको छ । यसै सन्दर्भमा कृषक स्तरको र अधिकृत स्तरको रेसम कीरा पालनसम्बन्धी ७ दिने, १५ दिने र ३५ दिने तालिम वर्षमा दुई-पटक पटक सञ्चालन गरिन्छ । परन्तु सरकारको बेवास्ताका कारण उक्त तालिमहरूको उपयुक्त किसिमबाट सदुपयोग हुन सकेको छैन । त्यसैले यस सम्बन्धमा सम्बन्धित पक्षको ध्यान जानु नितान्त आवश्यक छ ।

उपर्युक्त अन्तर्राष्ट्रिय संस्थाहरूले सहयोग गर्न छाडेपछि अहिले किसान लक्षित अनुदानका कार्यक्रम र नमुना फार्मको स्थापना गर्ने कुनै लक्ष्य छैन । यस सम्बन्धमा सरकारले कुनै किसिमको ध्यान दिन सकेको छैन ।

रेसम कीराको एकपुस्ते, दुईपुस्ते र बहुपुस्ते जात हुन्छ । एकपुस्ते रेसम कीरा वर्षको एकपटक किम्बुको पात पलाएको बेलामा पालिने हुँदा कुनै समस्या हुँदैन । दुईपुस्ते जातका रेसम कीरालाई चैत-वैशाख र भदौ-असोजसम्म पालिने हुँदा किम्बुको पातको कुनै समस्या हुँदैन, तर बहुपुस्ते जातका रेसम कीरालाई वर्षभरि किम्बुको पात चाहिने भएकाले प्लास्टिकको घर बनाएर किम्बुको खेती सुरु गरिएको छ । यसअघि बहुपुस्ते जातका रेसम कीरालाई किम्बुको पात उपलब्ध गराउन कहिले धुनीबेसी र कहिले चितवनमा लगेर पाल्ने गरिएको थियो । तर, अहिले प्लास्टिकको घर बनाई किम्बु खेती गर्न थालिएकाले यो समस्या केही मात्रामा भए पनि समाधान भएको छ ।

वि.सं. २०७२ को भूकम्पले क्षति पुऱ्याएपछि काभ्रेपलान्चोकको पनौती नगरपालिका १० खोपासीमा रहेको रेसम विकास केन्द्रको भवन जीर्ण भएको छ । यस सम्बन्धमा सम्बन्धित पक्षको ध्यान आकृष्ट हुन सकेको छैन । तर, यसबाट रेसम खेतीको विकासमा भने नकारात्मक प्रभाव परेको छ । उक्त भवन



जीर्ण भएपछि किसानहरूलाई आवश्यक पर्ने रेसमका कीराका फूल उत्पादन गरेर वितरण गर्ने र बाँकी संरक्षण गर्न गाह्रो भएको छ । भवनको अभावका कारणले हाल कोरिया र जापानबाट ल्याएका विभिन्न जातका रेसम कीराहरूलाई संरक्षण गर्न कठिन भएको छ । यी कीराहरूलाई राम्ररी संरक्षण गर्न नसकिएमा भविष्यमा रेसम खेतीको विकासमै अवरोध सिर्जना हुनेछ ।

वर्तमान समयमा भूकम्पले चिरा परेको भवनमा कर्मचारीहरू काम गर्ने, कीरा संरक्षण, अन्डा उत्पादन र भण्डारण गरिन्छ । सबै भवन एकैचोटि जीर्णोद्धार गर्न नसकिने हुँदा भविष्यमा यस सम्बन्धमा सम्बन्धित पक्षको ध्यान जाने आशा छ ।

सुरुमा रेसम विकास केन्द्रमा सरकारीभन्दा विदेशी परियोजनाको नमुनाका रूपमा काम भएको थियो । त्यो बेलामा उक्त केन्द्रमा स्रोतसाधनहरू प्रशस्त भएकाले किसानहरू आकर्षित थिए र रेसम खेती पनि फस्टाएको थियो । तर, उक्त परियोजनाको समाप्तिपछि उक्त केन्द्रको अवस्था सन्तोषजनक छैन र किसानहरू पनि त्यति आकर्षित भएका छैनन् ।

रेसम खेतीबाट रेसमको धागो तथा कपडा उत्पादन गर्न सकिन्छ । रेसमको धागो निर्यात गर्न सकेमा धेरै नै धन आर्जन गर्न सकिन्छ । यही कारणले नेपालको दाङ र देउखुरीमा रेसमको खेती गरी आय आर्जन गर्नेहरूको संख्या दिन-प्रतिदिन बढिरहेको छ । यहाँका किसानहरूले झन्डै ८० प्रतिशत रेसमको धागो संयुक्त राज्य अमेरिका र जापानमा निर्यात गर्छन् र बाँकी कपडा उत्पादनका लागि प्रयोग गर्छन् । यसैगरी अन्य जिल्लाहरूमा पनि रेसम खेती गर्न सकेमा किसानहरूको आम्दानी मात्रै अभिवृद्धि नभई देशको अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पर्ने कुरामा कुनै शंका छैन ।

वस्तुतः रेसमको कपडा स्वास्थ्यवर्द्धक छ । यो जाडो र गर्मीमा पनि लगाउन सकिन्छ । त्यसैले रेसम खेतीको विस्तार गरी रेसम कपडाको उद्योग स्थापना गर्न सके यहाँको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्नेछ । तर सरकारले रेसम खेतीलाई हालसम्म प्राथमिकता नदिएकाले यसको विकास हुन सकेको छैन । आगामी दिनमा यस खेतीलाई नमुना फार्मका रूपमा विकास गर्न सके केही सुधार हुने आशा छ, तर यसका लागि वर्तमान सरकारको ध्यान आकृष्ट हुनुपरेको छ ।

नेपालमा वि.स. २०८५ सम्म गरिबीको रेखामुनिको जनसंख्या ५ प्रतिशत र वि.स. २१०० मा शून्य गर्ने लक्ष्य लिइएको छ, जसको परिपूर्तिका लागि रेसम खेती तथा रेसमजन्य कपडाको उत्पादनले ठूलो योगदान पुग्न सक्छ ।

अर्थतन्त्रका महत्वपूर्ण परिसूचक विवरण र तथ्याङ्कहरू समावेश गरिएको आर्थिक २०७५/७६ अनुसार आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी सन् २०३० सम्ममा मध्यम आय भएका देशमा रूपान्तरण हुँदै समुन्नत एवं समृद्ध समाजवादउन्मुख अर्थतन्त्रको आधारशिला निर्माण गर्ने लक्ष्य छ । यसका लागि रेसम खेती तथा रेसमजन्य कपडाको उत्पादनले महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

वस्तुतः रेसम खेती गर्न त्यति सजिलो छैन । यस्तो खेती गर्न रेसम कीरालाई किम्बुको पात खुवाई पाल्नुपर्ने हुँदा उक्त कीरा पाल्न सुरु गर्नुभन्दा डेढ-दुई वर्षपहिलेदेखि सो कीराले खाने किम्बुको खेती गर्नुपर्छ, जसका लागि किम्बुको बिरुवाको आवश्यकता पर्छ । यसका लागि किम्बुको नर्सरी आवश्यक हुनाले विगतमा सरकारले उक्त नर्सरी स्थापनाका लागि ५० प्रतिशतसम्म अनुदान दिने व्यवस्था गरेको थियो । तर, हाल यस्तो व्यवस्था नभएकाले किसानहरूलाई मर्का परेको छ । विगतमा सरकारले रेसम खेतीको विकास गरी ग्रामीण क्षेत्रका कृषकहरूको जीवनस्तर उकास्न धेरै धनराशि खर्च गरे पनि हाल अन्य खेतीका तुलनामा उक्त खेतीबाट फाइदा नभएकाले कृषकहरूको आकर्षण निकै नै घटेको छ । उक्त खेतीमा कृषकहरूको आकर्षण बढाउन सम्बन्धित पक्षको यथाशीघ्र ध्यान जान आवश्यक छ ।

विशेषतः हाल विदेशी रेसम धागोसँग प्रतिस्पर्धा गर्न नसक्नाले यहाँ उत्पादित रेसमको धागोले बजार पाउन सकेको छैन । तसर्थ आगामी दिनहरूमा सरकारी नीति तथा नियमहरूमा केही परिमार्जन गरी बजार व्यवस्थापन गर्न सके मात्र उक्त खेतीबाट ठोस फाइदा भई यहाँको आर्थिक समृद्धिमा सघाउ पुग्नेछ ।

# बलात्कार स्वीकार्ने धरौटीमा छुटे, पीडित गाउँमै असुरक्षित

*झापा (प्रस) ।* घटना स्वीकार गर्दागर्दै बलात्कारसम्बन्धी मुद्दामा जिल्ला अदालत मोरङले दिएको पछिल्लो एउटा आदेश विवादमा परेको छ । पीडकलाई धरौटीमा छाड्नलाई दिएको आदेश विवादित बनेको हो । उक्त आदेशले न्याय निरुपणमा अदालतको निस्पक्षतामाथि प्रश्न खडा गरिदिएको छ । 'पीडकले घटनामा संलग्नता स्वीकार गर्दागर्दै र पीडितले बलात्कृत भएँ भन्दाभन्दै प्रतिवादीलाई धरौटीमा छाड्ने आदेश आउँदा हामीनै आश्चर्यमा पर्यौं,' एक कानुन व्यवसायीले भने, 'पीडकलाई नै उन्मुक्ती मिल्ने खालको आदेशले निस्पक्षताका सवालमा अदालत गम्भीर छैन भन्ने पुष्टि गर्छ ।'

२३ वर्षीया दलित महिलामाथि बलात्कार गरेको आरोपमा प्रतिवादी बनाइएका मोरङको रतुवामाई नगरपालिका-८ कुखुरेडाँडाका काजी भनिने काजीमान श्रेष्ठ प्रहरीले पक्राउ गरेको २२ दिनपछि अदालतले मागेको धरौटी बुझाएर छुटेका हुन् । अनुसन्धानका क्रममा र अदालतमै बयान दिने क्रममा उनले 'एक हजार रुपैयाँ' दिन्छु भनेर सहमतिमै करणी गरेको स्वीकार गरेका छन् । श्रेष्ठले शारीरिक सम्पर्क भएको स्वीकार गरेको र प्रहरीको घटनास्थल मुचुल्कामा पनि जबरजस्ती करणी गरेको भनेर उल्लेख छ ।

तर, अदालतका न्यायाधीश राजकुमार कोइरालालको इजलासले उनलाई असोज १६ गते पुर्पक्षका लागि एक लाख रुपैयाँ धरौटी लिएर छाड्न दिएको आदेश विवादमा परेको हो । तीन पेजको उक्त आदेशपछि श्रेष्ठ धरौटी रकम बुझाएर छुटेका छन् । घाँस काट्न खेतमा गएकी महिलालाई हात बाँधेर भदौ २३ गते उनले बलात्कार गरेको अनुसन्धानका क्रममा खुलेको थियो ।

आदेशमा भनिएको छ, 'प्रतिवादीले अदालत तथा अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा जाहेरवालाले एक हजार मागेकोमा दिन्न भन्दा करणी गर्न दिन्छु, भरे भोलि पैसा दिँदा हुन्छ भनेकाले करणी गरेको हो, भरे भोलि पैसा माग्न नआएकोमा जबरजस्ती करणीमा जाहेरी दिइन भन्ने उल्लेख गरेका छन् । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा शरीरमा चोटपटक नदेखिएको उल्लेख रहेकाले पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुनेगरी हाल यी प्रतिवादीलाई एक लाख धरौटी लिइ तारेखमा राखी मुद्दाको पूर्पक्ष गर्नु ।'

उधारोमा करणी गरेको बयान दिएका प्रतिवादी छुटेर घर पुगेपछि आफूलाई छिमेकीले चरित्रहीनको आरोप लगाएर कुटपिटसमेत गरेको पीडितले बताइन् । उनले पारिवारिक आर्थिक अवस्था कमजोर भएकाले अरुकोमा बनिबुतो गरेर गुजारा चलाउँदै आएको बताइन् । उनका अनुसार घाँस काट्न खेत पुगेका बेला त्यहीँ रहेका श्रेष्ठले 'ओइ कान्छी' भन्दै बोलाए । 'नसुनिकन घाँस काट्नतर्फ जाँदा पछाडिबाट समात्दै भुँइमा लडाएर हात बाँध्दै मुख थुने' उनले भनिन्, 'घिसार्दै केही पुर्‍याएपछि बाँसघारी घेउमा लगेर बलात्कार गरे ।' खुकुरी बोकेका श्रेष्ठले कसैलाई सुनाए मारिदिने धम्की दिएको पीडितले बताइन् ।

'साना दुई छोराछोरी छन् । कसैलाई सुनाए मारिदिन्छु भनेपछि डर लाग्यो,' उनले भनिन्, 'श्रीमानलाई सबै घटना सुनाएपछि उहाँकै सल्लाह र गाउँकै अगुवाको सहयोगमा प्रहरीमा गएर भोलिपल्ट जाहेरी दिएँ । तर अहिले ममाथि अन्याय गर्ने व्यक्ति छुटेर आएपछि झन् समस्यामा परेकी छु ।' एक लाख रुपैयाँ लिएर घटना मिलाउनु पर्छभन्दै पैसा लिएर आफू र श्रीमानसम्म पनि दबाब दिनेहरु आइपुगेको पीडितको भनाइ छ । 'श्रीमानले पैसामा श्रीमती बेच्दिन भनेर उनीहरुको प्रस्ताव अस्वीकार गरिदिनुभयो,' उनले भनिन्, 'मैले पनि अपराधमा पैसासँग तुलना गर्न हुँदैन भनेर अडान लिएपछि उनीहरु फर्किएर गए ।'

'मैले न्याय पाउँछु भन्ने लागेको थियो । तर आज प्रतिवादी छुटेर आएका छन्,' उनले भनिन्, 'पैसा लिएर घटना नमिलाएको भन्दै अरु सबैले मलाई नै उस्तो देख्न थाले । अब म न्याय माग्न कहाँ जाउँ सरकार ?' गरिब भएकाले आफूले न्याय नपाएको उनको गुनासो छ । स्थानीय एक अगुवाले महिलाले अस्वीकार गरेपछि एक लाख लिएर मिल्न दबाब दिनेहरु आफूसम्म पनि आइपुगेको बताए । 'मैले अपराधमा संलग्नलाई कारबाही हुनु पर्छ र घटना पैसामा मिलाउन हुँदैन भने,' उनले भने, 'तर धरौटीमा छुटेका आरोपी गाउँमा छात्ती फुलाएर हिँडिरहेका छन् ।' उनका अनुसार पीडक छुटेर आएपछि केही स्थानीयले सोमबार कुटपिटसमेत गरेर गाउँ निकाला गर्ने धम्की दिएसँगै महिला थप असुरक्षित बनेकी छन् । इज्जतभन्दा पैसा ठूलो हैन भनेर न्यायका लागि भौतारिएकी महिला पहुँचका भरमा पीडक छुटेर आएपछि भने झन् तनावमा परेको बताइन् । भदौ २४ गते किटानी जाहेरी परेपछि प्रहरीले श्रेष्ठलाई पक्राउ गरेर जबरजस्ती करणी मुद्दामा अनुसन्धान थालेको थियो । छाड्न र घटना मिलाउन केही नेता र श्रेष्ठ परिवारको दवाब झेलेको प्रहरीले अनुसन्धान सकेर असोज १२ गते सरकारी वकिल कार्यालयमा मिसिल बुझायो ।

वकिल कार्यालयले अभियोगपत्र तयार गर्दै १५ गते श्रेष्ठविरुद्ध अदालतमा मुद्दा दर्ता गरेको भोलिपल्ट थुनछेक बहसपछि उनलाई धरौटीमा छाड्ने आदेश भएको हो । पीडित नेपाल सरकारका तर्फबाट सहायक जिल्ला न्यायाधीवक्ता मनिषबाबु पोखरेल तथा पीडकका तर्फबाट अधिवक्ताहरु भोजराज श्रेष्ठ र मुक्तीनाथ सुवेदीले बहस गरेका थिए । एक कानुन व्यवसायीका अनुसार बलात्कार एवं बलात्कार प्रयासका घटना एकान्त ठाउँ वा कसैले नदेखिकन हुने भएकाले पीडितले दिएको बयानलाई नै बलियो प्रमाण मान्नुपर्छ । तर, पीडकको बयानलाई आधार मानेर आदेश दिँदा बलात्कार स्वीकार गर्ने प्रतिवादी पैसा बुझाएर छुटेको उनले बताए । पीडकले भनेको जस्तै महिलाले लेनदेनमा शारीरिक सम्बन्ध राखेको मान्ने हो भने यस बारेमा केही नबोलिएका कारण आदेश विवादमा तानिएको उनको भनाइ छ ।



अदालतका स्रेस्तेदार राजकुमार दाहाल मुद्दामा आदेश मात्रै भएको र यसको फैसला हुन बाँकी रहेको बताउँछन् । 'आदेश अनुसार प्रतिवादी अहिले धरौटी बुझाएर तारेखमा छुटेका छन्' उनले भने, 'फैसला आउनै बाँकी रहेकाले प्रतिवादीलाई पछि कैद पनि हुनसक्छ वा सफाई पनि पाउन सक्छन् ।' एक हजार दिने गरी करणी गरेको प्रतिवादीको बयान, पीडितमा चोटपटक नदेखिएको स्वास्थ्य परीक्षण रिपोर्ट र झारपात नमाडिएको तथा जबरजस्ती कुनै कार्य भएको संकेत नदेखिएको घटनास्थलको मुचुल्कालाई आधार मान्दै अदालतबाट आदेश आएको हुनसक्ने दाहालको भनाइ छ । सरकारी वकिल कार्यालय मोरङले भने यस मुद्दामा पीडितकोभन्दा पनि पीडकको कुराको सुनुवाई भएको जनाएको छ । चित्त नबुझेपछि उक्त आदेश बदरको माग गर्दै उच्च सरकारी वकिल कार्यालयमार्फत उच्च अदालत विराटनगरमा मुलुकी फौजदारी कार्यविधि संहिताको २०७४ को दफा ७३ नम्बर बमोजिम निवेदन दिएको छ ।

जिल्ला न्यायाधीवक्ता मनोज आचार्यले धरौटीमा छाड्ने आदेश बदरको माग गर्दै प्रतिवादीलाई थुनामै राखेर मुद्दाको पूर्पक्ष गरी पाउँ भनी उच्च अदालतमा निवेदन दर्ता भएको बताए । 'पीडकले भने पनि पीडितले एक हजार लिएर सहमतिमा यौन सम्पर्क भयो भनेकै छैन' उनले भने, 'सहमतिमा भएको भए पीडित आफ्नो इज्जत दाउमा राखेर बलात्कृत भएँ भन्दै जाहेरी लिएर न्यायका लागि आउने नै थिइनन् ।'

पीडितले न्याय खोजिरहँदा सहमतिमा शारीरिक सम्पर्क भयो भन्न नमिल्ने आचार्यको तर्क छ । 'दुईजनाले सहमतिमा करणी लिनुदिनु गरे भने खोजेर कारबाही गर्ने विषय हैन,' एक कानुन व्यवसायीले भने, 'पीडितको पनि सहमति हो भने आफ्नो इज्जत हुर्मत जाने खालको काम गरेर जाहेरी दिँदै घटनालाई सार्वजनिक गर्ने विषय हुने थिएन ।' उनका अनुसार न्यायाधीशले स्वविवेकले गर्ने यस्ता निर्णय कहिले काहीँ घातक बन्ने गरेको छ । 'न्यायाधीशको के दृष्टिकोणले आदेश भयोको हो भन्ने थाहा भएन,' ती कानुन व्यवसायीले भने, 'तर कसैको निजी दृष्टिकोणले नहुने भएकाले मुद्दाको आदेश वा फैसलामा कानुनी दृष्टिकोण महत्वपूर्ण हुन्छ ।' प्रतिवादीको तर्फबाट बहस गरेका अधिवक्तामध्ये भोजराज श्रेष्ठले साधारण तारेखमै छुट्नु पर्ने व्यक्तिसँग धरौटी माग गरिएको दाबी गरे । 'जनप्रतिनिधिलाई रहोवरमा नराखिकन प्रहरीले गरेको अनुसन्धान नै फितलो छ' उनले भने, 'चिकित्सकको रिपोर्टले बलात्कार भएको देखाउँदैन ।' जबरजस्ती गर्दा बल प्रयोग हुने र घटना हेर्दा सहमतिमै सम्पर्क भएको देखिने भएकाले बलात्कार भन्न नमिल्ने श्रेष्ठको तर्क छ । पछि ठहरे बमोजिम हुनेभनेर आदेशमै भनिएका कारण यसमा धेरै विवाद गर्न नपर्ने उनको दाबी छ । पीडितबाहेक सबैले सुनेको बयान दिएका कारण घटना प्रत्यक्ष देख्ने कोही पनि नभएको श्रेष्ठको जिकिर छ ।

**न्यायाधीशको सरुवा**

विवादस्पद आदेश दिने न्यायाधीश कोइरालाको भने बुधबार मोरङबाट सरुवा भएको छ । न्याय परिषद्ले निकालेको न्यायाधीशको सरुवा सूचीमा उनको नाम छ । उनको सरुवा जिल्ला अदातल काठमाडौंमा भएको हो ।

# मार्चसम्म २०२१ को ईपीएस भाषा परीक्षा

*झापा (प्रस) ।* कोरोनाको कारणले सन् २०२० मा रोकिएको रोजगार अनुमति प्रणाली (ईपीएस) भाषा परीक्षा सन् २०२१ को पहिलो त्रैमासिकभित्रै गर्ने तयारी गरिएको छ । कोरोना संक्रमण नरोकिएका कारण यो वर्षको मंसिरसम्म परीक्षा गर्ने सम्भावना नरहेपछि भाषा परीक्षाको मिति अर्को वर्षका लागि सारिएको हो । सामान्यता बर्सेनि चैत वा वैशाखमा गरिँदै आएको भाषा परीक्षा यो वर्ष कोरोनाका कारण सारिए पनि संक्रमण नरोकिएका कारण अन्ततः रद्द नै गरिएको छ ।

वैदेशिक रोजगार विभाग, ईपीएस शाखा नेपालले यो वर्षको भाषा परीक्षा नहुने भएपछि केही छिटो गरेर चैतसम्म गर्ने तयारीसहित प्रारम्भिक छलफल भइरहेको जनाएको छ । शाखाका निर्देशक इन्द्र गौतमले सन् २०२० मा भाषा परीक्षा हुने नदेखिएपछि २०२१ को मार्चसम्म गर्ने बारे छलफल भएको बताए । ँभाषा परीक्षा गराउने बारे छलफल भए पनि कोरोना संक्रमणको अवस्था हेरेर आधिकारिक निर्णय गरिने छ, निर्देशक गौतमले भने, ँभाषा परीक्षा गराउँदा भीडभाड हुने भएका कारण नेपालमा पनि संक्रमण दर कम हुँदै गए २०२१ को भाषा परीक्षा भने हुनेछ । कोरिया सरकार नेपालबाट श्रमिक लैजान र भाषा परीक्षा गर्ने पक्षमा भए पनि कोरोना संक्रमणका कारण दुवै देश ' पर्ख र हेर'को अवस्थामा छन् । यसअघि परीक्षा र सीप परीक्षा दिएर रोष्टर (योग्यसूची) मा रहेका नेपाली श्रमिकको छनोट प्रक्रिया कोरियामा भइरहे पनि कोरिया प्रवेश सहज बन्न सकेको छैन । नेपाली श्रमिक माग र आपूर्ति गर्ने पक्षमा दुवै देश सकारात्मक भए पनि संक्रमणको अवस्थाले श्रमिक जाने र परीक्षा गर्ने विषय टुंगो लाग्ने छ ।

कोरियामा कोरोना संक्रमण घट्दो दरमा रहे पनि नेपालमा भने संक्रमण बढ्दै गएको कारण देखाउँदै भाषा परीक्षाको मिति तय भने गर्न सकिएको छैन । शाखाका अनुसार कोरियाली पक्षले सन् २०२१ को परीक्षा भने कसरी गर्ने भन्ने बारेमा तयारी गरेको बुझिएको जनाएको छ । सन् २००८ देखि सुरु भएको ईपीएस भाषा परीक्षा २०१२ र २०२० भने हुन सकेन ।

कोरोना संकट सुरु भएयता १ हजार ७०१ युवाले कोरियाका रोजगारदातासँग श्रम सम्झौता गरेको भएपनि कुनै श्रमिक पनि कोरिया प्रवेश गर्न पाएका छैनन् । श्रम सम्झौता गरेर भिसा प्राप्त गरेका ९ सय ६१ जना युवा समेत अहिले पनि कोरिया जान पाएका छैनन् । रोजगारदाताले श्रम सम्झौता रद्द नगरेको अवस्थासम्म म्याद समाप्त भएको युवाको भिसा अवधि थप गर्ने एचआरडीले आश्वासन दिएको छ ।

नेपालमा बढ्दो कोरोना संक्रमणका कारण नेपाली युवा कोरिया प्रवेश गर्न नपाए पनि रोजगारदाताले भने माग प्रक्रिया रोकेका छैनन् । हाल कोरियाको मानव संशाधन विकास बोर्डले विदेशी श्रमिक माग गर्ने प्रक्रिया खुला गरेका कारण त्यहाँका रोजगारदाताले विदेशी लिने प्रक्रियाका लागि श्रम कार्यलयमा निवेदन दिएका छन् ।

नेपालबाट वार्षिक औषत ८ हजारको हाराहारीमा नेपाली युवा कोरिया जाने भए पनि यो वर्षको ९ महिनामा १ हजार २७ नेपाली मात्र रोजगारीका लागि कोरिया गएको शाखाले जनाएको छ । सन् २०१९ मा ७ हजार १३६ नेपाली रोजगारीका लागि कोरिया गएका थिए । हालसम्म ४ हजार २० महिला र ६२ हजार ८५२ पुरुष सहित ६६ हजार ८७२ नेपाली रोजगारीका लागि कोरिया गइसकेका छन् । हाल कोरियामा लगभग ३१ हजार नेपाली कार्यरत रहेका छन् ।


**नेपाल सरकार**
**प्रदेश नं. १**
**बिर्तामोड नगरपालिका**
**पशुपंक्षी, मत्स्य विकास शाखा, झापा**

०२३-५४६६७३

## प्रस्ताव आह्वान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति: २०७७/०६/२०

बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखाको वार्षिक स्वीकृत कार्यक्रम आ.व. ०७७/०७८ अनुसार नगर प्रमुख पकेट प्याकेज कार्यक्रम अन्तर्गत बंगुर तथा बाखा साटासाट कार्यक्रम संचालन गर्ने कार्यक्रम रहेकाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०७७/०७/०५ सम्ममा) रित पुर्वक प्रस्ताव पेश गराउनुहुन यस नगरपालिका क्षेत्र भित्रका पशुपालक कृषकहरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरू :**

१. आवेदन ( कार्यालयको ढाँचा बमोजिमको आवेदन)
२. वडा कार्यालयको सिफारिस
३. कार्यक्रममा सहभागी हुने कृषक सदस्यको धनीपुर्जाको छायाँकपी
४. नगरिकताको छायाँकपी
५. दर्ता भए प्रमाण पत्रको छायाँकपी
६. समुहको विधानको छायाँकपी
७. समुहको कार्यक्रम माग सम्बन्धी निर्णयको छायाँकपी

**नोट: आवेदन फारम समुहगत रूपमा पेश गर्नुपर्नेछ . व्यक्तिगन आवेदन स्वीकार्य हुनेछैन ।**

**- गणेशप्रसाद दाहाल**
**प्रमुख प्रशासकीय अधिकृत**



प्रतिदिन

## वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प
साथै अन्य छपाई सम्बन्धी सम्पुर्ण काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिशेक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस् ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

Rays Design & Print
Creation Illustration Print Production
{भनेजस्तै डिजाइन}
PH: 023 546 145 | 9816 024 944
Birtamode,Jhapa
E-mail: sendemail2rays@gmail.com
www.raysdesign.com

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७०१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४


## राशिफल

**मेष** : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाईनेछ ।
**वृष** : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाईनेछ ।
**मिथुन** : आर्थिक लेनदेनमा समस्या हुन सक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।
**कर्कट** : आज आत्मबल बढाएर काम गेरमा असफल भइँदैन ।
**सिंह** : आज महिलावर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ ।
**कन्या** : लगनशीलताले कामहरू अगाडी बढ्नेछन् । मनमा शान्ति र अनुहारमा कान्ति छाउला ।
**तुला** : आफन्तका बीचमा खटपट र शङ्का उब्जन सक्छ । आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला ।
**वृश्चिक** : धार्मिक कार्यमा सरिक भाईनेछ । आफनतले साथ र सहयोग र समर्थन प्रदान गर्नेछन् ।
**धनु** : शुभकार्यको चर्चा चल्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ ।
**मकर** : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्नेछ ।
**कुम्भ** : दैनिक कार्यमा सफलता पाईनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुची बढ्नेछ ।
**मीन** : आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ ।